योगवाशिष्ठसार

(नेपाली पद्य अनुवादसहित)

अनुवादक

हेमराज ज्ञवाली

योगवाशिष्ठसार

(नेपाली पद्य अनुवादसहित)



अनुवादक

हेमराज ज्ञवाली

प्रकाशकः- श्रीमती लक्ष्मी ज्ञवाली
बौद्ध महाँकाल, काठमाडौं ।
फोन नं. ४-७०८११

प्रकाशन मितिः- मकरसंक्रान्ति, २०४८ वि. सं.

प्रथम संस्करणः १,००० प्रति

सर्वाधिकारः प्रकाशकमा

20,032

मूल्य. रु १०।-

मुद्रकः- मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौं ।

ग्रन्थ परिचय र अनुबादकबाट दुई शब्द

भगवान् रामका गुरु वशिष्ठले पन्द्रह वर्ष उमेरका शिष्य श्री रामचन्द्रलाई वैराग्यपूर्ण ज्ञान र विज्ञानको जुन अमृतमय उपदेश दिनु भएको थियो त्यसलाई 'योगवाशिष्ठ' अथवा 'महारामायण' भनेर जानिन्छ। अद्वैत वेदान्त सिद्धान्तको प्रतिपादक ग्रन्थहरूमध्ये मूर्धन्य ग्रन्थ भएतापनि 'योगवाशिष्ठ' आकारमा ठूलो र ग्रन्थ दुर्लभ भएका कारणले सर्वसाधारणको पहुँचबाहिर रहेको थियो। वृहत् योगवाशिष्ठमा करीब ३२००० श्लोकहरू छन् र सम्पूर्ण ग्रन्थ वैराग्य, मुमुक्षु व्यवहार, उत्पत्ति, स्थिति, उपशम र निर्वाण गरी ६ प्रकरणहरूमा बाँडिएको छ। उपलब्ध मानिएको पुस्तक करीब ७–८ किलो तौलको छ। साधारण व्यक्तिले यो ग्रन्थ पाउन र पढ्न गाहारो छ। वृहत् योगवाशिष्ठबाट कसैले लघु योगवाशिष्ठ तयार पारेको छ। त्यसबाट कुनै विद्वान् मनिषीले २०० श्लोकमा वृहत् योगवशिष्ठले प्रतिपादन गर्न खोजेको विषय वस्तुलाई बडो मार्मिक प्रभावकारी र मनमोहक ढङ्गबाट 'योगवाशिष्ठसार' नामक ग्रन्थ तयार गरी मुमुक्षु पाठकहरूलाई ठूलो गुन लगाएको छ। यत्रो गुन लगाउने विद्वान्ले आफ्नो नाम सम्म दिन नचाहेर अनासक्त कर्मयोगीको उदाहरण प्रस्तुत गर्नु भएको छ।

संस्कृत भाषा नजान्ने तर मोक्षकामी पाठकहरूको हितलाई ध्यानमा राखी स्वर्गीय गुरुदेव डा,. क्षितीशचन्द्र चक्रवर्तीले उक्त योगावाशिष्ठसार

ग्रन्थको हिन्दी भाषामा गरेको विवेचनालाई अद्वैत संस्था नेपालले नेपाली भाषामा रूपान्तर गरी २०४४ सालमा छपाई प्रकाशित गरेको रहेछ ।

मलाई पनि 'वृहत् योगवाशिष्ठ' हेर्ने र पढ्ने ठूलो रहर थियो तापनि उक्तग्रन्थ सजिलै पाउन नसकिने र पढ्न समय लाग्ने हुँदा पढ्न नपाई रहेको बेला अद्वैत् संस्था नेपालको माध्यमबाट उक्त ग्रन्थ 'योगवाशिष्ठसार' प्राप्त गरी हेर्ने, पढ्ने र मनन गर्ने मौका मिल्यो । ग्रन्थकर्तालि वेदान्त जस्तो गूढ विषयलाई पनि उपमा र रूपकको माध्यमबाट सरल र सुबोध्य भाषामा व्यक्त गरेको देखेर आफु साहै प्रभावित भएँ । मलाई पनि ग्रन्थकर्तालि उपयोग गरेको अनुष्टुप छन्दमा सकभर सबै नेपालीले सजिलै बुझ्न सक्ने सरल नेपाली भाषामा उक्त योगवाशिष्ठसार ग्रन्थको अनुवाद तयार गर्न अन्तः प्रेरणा मिल्यो । आफ्नो फुर्सदको समय यसै काममा प्रयोग गरी छिटै अनुवाद तयार गरेँ । अद्वैत संस्था नेपालका आचार्य श्री देवेश्वर सरस्वती (ज्ञानेश्वर ज्ञवाली) ज्यू लाई उक्त अनुवाद कत्तिको मिल्यो मिलेन परामर्शका लागि देखाएँ । उहाँले पनि उक्त अनुवादमा सुधार गर्नु पर्ने विषयहरूमा केही गहकिला सुझाउहरूका साथ ग्रन्थ राम्रो बनेको छ प्रकाशन गर्न लायक छ भनी परामर्श दिनु भयो । अद्वैत वेदान्तमा स्व. डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूका साथ लामो समय संगै बसी साधना र अभ्यास गरेका उहाँले दिनु भएको सत्प्रेरणा र यस पुस्तकमा दिनु भएको मन्तव्यका लागि आभार व्यक्त गर्दै मैले यो ग्रन्थ यस रूपमा प्रस्तुत गरेकोछु ।

छन्दको बन्धन र संस्कृत भाषामा समासको व्यवस्थाले धेरै कुरा सानो वाक्यमा अटाउने तर भाषामा स्पष्ट गर्नु पर्दा धेरै ठाउँ लिने हुँदा ३२ अक्षरको चार पाउको १ श्लोकको नेपाली अनुवाद कहीं कहीं ६-८ पाउ-सम्म पनि हुन पुगेको छ । त्यस्तै छन्दको हिसाबले हुनुपर्ने ह्रस्वदीर्घमा व्याकरणसंग अन्याय हुन पुगेको छ । अनुवादमा मूल कुरालाई सकभर जस्ताको तस्तै व्यक्त गर्ने प्रयत्न गरिएको छ भने गौण कुराहरूलाई भावानु-वादमा जोड दिइएको छ । भाषा सकभर सरल र सुबोध गराउन प्रयत्न गरिएको छ । यी प्रयासका बावजूद वेदान्त ग्रन्थको पद्यानुवाद कार्यमा जानी

नजानी भएका त्रुटिका लागि क्षमायाचना गर्दै गुणग्राही पाठकवर्गमा यस ग्रन्थको पद्यानुवादको मिठासको स्वाद ग्रहण गर्दै अध्ययन मननद्वारा अनासक्त कर्मयोगको उपासनापूर्वक मोक्ष मार्गमा अग्रसर हुन आग्रह गर्दछु ।

विनीत

हेमराज क्षत्री

मन्तव्य

हामी के चाहन्छौं ? प्रश्न गरिएमा संक्षिप्त उत्तर हुन्छ– 'सुख' 'अमरता' र 'ज्ञान'। हाम्रा सम्पूर्ण प्रयास यी तीन कुराकालागि नै भैरहेका हुन्छन् भन्ने रहस्य सर्वसाधारणकालागि अपिरिचित हो, किन्तु अद्वैत संस्थाका शरणापन्न व्यक्तिहरू यस रहस्यलाई सहजै जान्न सक्तछन् भन्नुमा अत्युक्ति छैन। यसको कारण के हो भने अद्वैत संस्था ब्रह्म ज्ञान र वेदान्त शास्त्रज्ञको समष्टि मूर्तरूप हो। संस्थाका संस्थापक, ब्रह्मज्ञानी श्री गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्ती हुनुहुन्छ र उहाँबाट रचित नेपालीमा सर्यौं स्वानुभवपूर्ण प्रमाणपरक धर्मग्रन्थहरू सुलभ छन्। संस्था भन्छ– आफू सुखस्वरूप भएकाले मानिस संधै सुख चाहन्छ, मान्छे मर्न चाहँदैन। यसबाट सिद्ध हुन्छ– मानिस सद् रूप हो। तिमी जान्दैनौ भन्दा मानिस खिन्न हुन्छ। यसबाट बुझिन्छ– मानिस ज्ञान स्वरूप हो। यसको अनुभव सबैलाई सुषुप्ति अवस्थामा निर्विवाद रूपले हुन्छ।

प्रस्तुत 'योग वाशिष्ठ सार' भगवान् वशिष्ठको 'योग वाशिष्ठ' ग्रन्थको संक्षिप्त सार हो। यसमाथि श्री गुरूदेवले सरल, सरस र विस्तृत नेपालीमा टीका लेख्नु भएको छ। अद्वैत संस्थामा प्रवेश गरी यसको अध्ययनबाट विशेष प्रभावित हुनु भएर आदरणीय विद्वान् श्री हेमराज ज्ञवालीज्यू यस ग्रन्थको पद्यानुवादमा प्रवृत्त हुनुभयो। संस्कृत श्लोकसहित नेपाली पद्यानुवाद पढ्न पाउँदा मुमुक्षु पाठकहरूलाई श्लोकको आशय छोटकरीमा बुझ्न सजीलो पर्ने छ। विस्तृत टीका त छंदैछ। अनुवादकज्यको यस प्रयासलाई

अद्वैत संस्थाले प्रशंसनीय संझेको छ । यस्ता प्रवृत्ति ब्रह्म ज्ञानका निम्ति सहायक सिद्ध हुन्छन् । यस क्रममा उहांका यस्ता सत् प्रवृत्तिमा अन्तरता नआओस् यही परमेश्वरमा प्रार्थना छ ।

वेवेश्वर सरस्वती
रीडी पीठाधीश

विषय सूची

विषय	पृष्ठ
१. ग्रन्थ परिचय र अनुवादकबाट दुई शब्द	क–ग
२. मन्तव्य	ङ–च
३. विषय सूची	छ
४. वैराग्य-प्रकरण	१–६
५. जगन्मिथ्यात्व-प्रकरण	७–१२
६. जीवन्मुक्त लक्षण-प्रकरण	१२–१७
७. मनोलय-प्रकरण	१८–२३
८. वासनोपसम-प्रकरण	२३–२६
९. आत्ममनन-प्रकरण	२६–२८
१०. शुद्ध निरूपण-प्रकरण	२८–३१
११. आत्माचन-प्रकरण	३१–३३
१२. आत्मस्वरूप निरूपण-प्रकरण	३३–४०
१३. जीवन्मुक्ति र निर्वाण-प्रकरण	४०–४६

श्री गणेशाय नमः

श्री सरस्वात्यै नमः

योग वाशिष्ठ सार

(नेपाली पद्यमा अनुवाद)

वैराग्य प्रकरण १

मङ्गलाचरण

दिक्कालाद्यनवच्छिन्नानन्तचिन्मात्रमूर्तये ।
स्वानुभूत्येकमानाय नमः शान्ताय तेजसे ॥ १ ॥

दिशा कालहरूबाट जो संधै छ असीमित ॥
चिन्मात्रानन्त औ शान्त जस्को तेजस्वी रूप छ ॥
स्वानुभूतिबाट मात्र चिन्ने यौटा उपाय छ ॥
ती शुद्ध परमात्मामा मेरो नित्य प्रणाम छ ॥ १ ॥

अहं बद्धो विमुक्तः स्यामिति यस्यास्ति निश्चयः ।
नात्यन्तमज्ञो नो तज्ज्ञः सोऽस्मिन् शास्त्रेऽधिकारवान् ॥ २ ॥

रागद्वेषहरूबाट बांधिई मुक्ति चाहने ॥
अज्ञानी पनि त्यो ह्वैन तर ज्ञानी भनौ भने ॥
आफ्नो स्वरूप चिन्दैन चिन्ने जो यत्न गर्दछ ॥
वेदान्त शास्त्रमा बुझ्नु त्यस्ताको अधिकार छ ॥ २ ॥

यावन्नानुग्रहः साक्षाज्जायते परमेश्वरात् ।
तावन्न सद्गुरुं कश्चित् सच्छास्त्रं वाऽपि नालभेत् ॥ ३ ॥

परमेश्वरको साक्षात् अनुकम्पा नभैकन ॥
सच्चा गुरु र सत्शास्त्र भन्ने पाइन्न निश्चित ॥ ३ ॥

महानुभावसम्पर्कात् संसारार्णवलंघने ।
युक्तिः सम्प्राप्यते राम दृढा नौरिव नाविकात् ॥ ४ ॥

ब्रह्मज्ञको संगतले तर्ने यो विश्व सागर ॥
माझीबाट. डुंगाजस्तै जुक्ति पाइन्छ राघव ॥ ४ ॥

संसारदीर्घरोगस्य सुविचारमहौषधम् ।
कोऽहं कस्य च संसारो विवेकेन विलीयते ॥ ५ ॥

संसार दीर्घ रोगैको हो विचार महौषध ॥
म को हुँ ? विश्व कस्को हो ? सोचेमा यो हराउँछ ॥ ५ ॥

यस्मिन् देशे हि तत्त्वज्ञो नास्ति सज्जनपादपः ।
सफलः शीतलच्छायो न तत्र दिवसं वसेत् ॥ ६ ॥

जुन् राष्ट्रमा तत्वज्ञानी छैनन् सज्जन वृक्षझैं ॥
फलछाया सहितका त्यहा व्यर्थ छवस्नु हुँ ॥ ६ ॥

सदा सन्तोऽभिगन्तव्या यद्यप्युपदिशन्ति न ।
या हि स्वैरकथास्तेषामुपदेशा भवन्ति ताः ॥ ७ ॥

सन्तसेवा गरी राख्नु उपदेशविना पनि ॥
आउँछन् उनका वाक्य उपदेशसरी बनी ॥ ७

शून्यमापूणतामेति मृत्युरप्यमृतायते ।
आपत् संपदिवाभाति विद्वज्जनसमागमात् ॥ ८ ॥

हुन्छ पूर्णसरी शून्य मृत्यु बन्दछ अमृत ॥
आपत् संपत्सरी हुन्छ ज्ञानीका साथ संगत ॥ ८ ॥

ज्ञानिनामपि चित्तं चेत् केवलात्मसुखोदितम् ।
सत्वाः संसारदुःखार्ताः कं यान्ति शरणं तदा ॥ ९ ॥

ब्रह्मज्ञ पनि आफ्नो नै सुखमा मग्न भै दिए ।
संसारका दुखी प्राणी कस्को शरण पर्दथे ॥ ९ ॥

तज्ज्ञानं स च शास्त्रार्थस्तद्विज्ञानमखण्डितम् ।
सच्छिष्याय विरक्ताय साधोर्यदुपदिश्यते ॥ १० ॥

त्यै ज्ञान हो शास्त्र अर्थ त्यै विज्ञान अखण्डित ॥
विरक्त शिष्यका निति जे जे छ साधु शिक्षित ॥ १० ॥

उपदेशक्रमो राम व्यवस्थामात्रपालनम् ।
ज्ञप्तेस्तु कारणं शुद्धा शिष्यप्रज्ञैव केवला ॥ ११ ॥

गुरूपदेश भन्नु त व्यवस्था पृष्ठभूमि हो ॥
हेतु वा तत्व जान्नुको शिष्यको शुद्धबुद्धि हो ॥ ११ ॥

न शास्त्रैर्नापि गुरूणा दृश्यते परमेश्वरः ।
दृश्यते स्वात्मनैवात्मा स्वया सत्त्वस्थया धिया ॥ १२ ॥

शास्त्रले गुरुलेमात्र पाइन्नन् परमेश्वर ॥
सात्विकी बुद्धिले मिल्छन् आफै त्यस्को परे भर ॥ १२ ॥

सर्वा बहिःकला जन्तोरनभ्यासेन नश्यति ।
इयं ज्ञानकला राम सकृज्जाताऽभिवर्धते ॥ १३ ॥

प्राणीको बाहिरी विद्या विना अभ्यास मर्दछ ॥
तर यो आत्मविद्या त थोरैले पनि बढ्दछ ॥ १३ ॥

स्वकण्ठेऽपि स्थितं वस्तु यथा न प्राप्यते भ्रमात् ।
भ्रमान्ते प्राप्यते तद्वदात्मापि गुरुवाक्यतः ॥ १४ ॥

आफ्नोनै घांटीको माला जस्तो भेटिन्न भूलले ॥
भेटिन्छ भ्रम हट्दा त आत्माझैं गुरुवाक्यले ॥ १४ ॥

स्वस्वरूपमजानन् वै जनोऽयं दैववर्जितः ।
विषयेषु सुखं वेत्ति पश्चात् पाके विषान्नवत् ॥ १५ ॥

आफ्नो स्वरूप चिन्दैन विश्वनै सुख ठान्दछ ॥
अभागी जन त्यो खाए विषान्न पछि मर्दछ ॥ १५ ॥

बुद्ध्वाऽप्यत्यन्तवैरस्यं यः पदार्थेषु दुर्मतिः ।
बध्नाति भावनां भूयो नरो नासौ स गर्दभः ॥ १६ ॥

संसारका विषय यी जानेर पनि नीरस ॥
बांधिन्छ आफु तेसैमा गधा हो हैन त्यो नर ॥ १६ ॥

यत् किञ्चिदपि संकल्पान्नरो दुःखे निमज्जति ।
न किञ्चिदपि सङ्कल्पात् सुखमक्षयमश्नुते ॥ १७ ॥

धेरै संकल्प गर्नाले मान्छे डुब्दछ दुःखमा ॥
त्याग संकल्प संपूर्ण पाइन्छ सुख चित्तमा ॥ १७ ॥

यथा स्वप्ने मुहूर्ते स्यात् संवत्सरशतभ्रमः ।
तथा मायाविलासोऽयं जायते जाग्रति भ्रमः ॥ १८ ॥

एकछिन्को स्वप्नभित्र सयवर्षसरी भ्रम ॥
जाग्रत्मा विश्व देखिन्छ मायाले सत्य भैकन ॥ १८ ॥

योऽन्तशीतलया बुद्ध्या रागद्वेषविमुक्तया ।
साक्षिवत् पश्यतीदं हि जीवितं तस्य शोभते ॥ १९ ॥

निर्विकार बुद्धिद्वारा रागद्वेष नलीकन ॥
साछीझैं हेर्छ जो विश्व त्यस्को सुन्दर जीवन ॥ १९ ॥

येन सम्यक् परिज्ञातं हेयोपादेयमुज्झता ।
चित्तस्यान्ते स्थितं चित्तं जीवितं तस्य शोभते ॥ २० ॥

लिने त्याग्ने कुरा छाडी जस्ले राम्ररी चिन्दछ ॥
चित्तमा ब्रह्म त्यस्को नै शुभ जीवन बन्दछ ॥ २० ॥

हृदयाकाशमात्रस्य विनाशो देहनाशतः ।
व्यर्थं भूतानि शोचन्ति नष्ट आत्मेति शङ्कया ॥ २१ ॥

देहनाश हुँदा नाश हुन्छ संबंधको पनि ॥
व्यर्थ प्राणी शोक गर्छन् आत्मा नाश भयो भनी ॥ २१ ॥

घटादिषु प्रणष्टेषु यथाकाशमखण्डितम् ।
तथा देहेषु नष्टेषु देही नित्यमलेपकः ॥ २२ ॥

घैटो फुटेपछि पनि आकाश छ अखण्डित ॥
त्यस्तै शरीर मर्नाले आत्मा नित्य अलिप्तछ ॥ २२ ॥

न जायते म्रियते वा क्वचित् किञ्चित कदाचन ।
जगद्विवर्तरूपेण केवलं ब्रह्म जृम्भते ॥ २३ ॥

जन्मदैन र मर्दैन केही कहिल्यै कवै पनि ॥
विवर्तरूपले विश्व ब्रह्म ता स्थिर तै पनि ॥ २३ ॥

आकाशादपि विस्तीर्णः शुद्धः सूक्ष्मोऽव्ययः शिवः ।
अयमात्मा कथं राम जायते म्रियतेऽथवा ॥ २४ ॥

नभ भन्दा व्यापक छ शुद्ध सूक्ष्म र अव्यय ॥
शिवस्वरूपी आत्मा यो न जन्मन्छ न मर्दछ ॥ २४ ।

सर्वमेकमिदं शान्तमादिमध्यान्तवर्जितम् ।
भावाभावविनिर्मुक्तमिति ज्ञात्वा सुखी भव ॥ २५ ॥

यो परब्रह्म हे राम ! आदि मध्यान्त वर्जित ॥
जगत् रूप तथा शान्त भावाभाव विमुक्त छ ॥ २५ ॥

वरं शरावहस्तस्य चाण्डालागारवीथिषु ।
भिक्षार्थमटनं राम न मौर्ख्यहतजीवितम् ॥ २६ ॥

वरू भिक्षापात्र बोकी चाण्डाल टोलमा गई ॥
भिक्षार्थं घुम्नु राम्रो हो न बाँच्नु मूर्खता लिई ॥ २६ ॥

न व्याधिर्न विषं नापत्तथान्यद्वापि भूतले ।
दुःखाय स्वशरीरोत्थं मौर्ख्यमेतद्यथा नृणाम् ॥ २७ ॥

यो मूर्खता मानिसको दुःखदायी छ जत्तिको ॥
विष रोग, तथा आपत् पनि हुदैन त्यत्तिको ॥ २७ ॥

जगन्मिथ्यात्व २

संयमान्मनसः शान्तिमेति संसारसम्भ्रमः ।
मन्दरेऽस्पन्दतां याते यथा क्षीरमहार्णवः ।।१।।

मन वांधे शान्त हुन्छ सबै संसारको भ्रम ।।
हुन्छ जस्तो क्षीर निधि भए मन्दर निश्चल ।। १ ।।

चित्तोन्मेषनिमेषाभ्यां संसारस्योदयक्षयौ ।
वासनाप्राणसंरोधादनिमेषं मनः कुरु ।। २ ।।

संकल्प मनमा उन्जे उदाउँदछ विश्व यो ।।
हटे संकल्प संपूर्ण विश्वभ्रम समाप्त भो ।।
प्राण अौ वासनालाई नियन्त्रण गरीकन ।।
पार संकल्पले शून्य मन यो रघुनन्दन ।। २ ।।

अयं हि स्वविकल्पोत्थः स्वविकल्पपरिक्षयात् ।
क्षीयते वग्धसंसारो निःसार इत्यसंशयः ।। ३ ।।

सकल्पबाट उब्जन्छ त्यसको भै दिए क्षय ।।
संसार यो नाश हुन्छ यसमा छैन संशय ।। ३ ।।

परिज्ञानेन सर्पत्वं चित्रसर्पस्य नश्यति ।
यथा तथैव संसारः स्थित एवोपशाम्यति ।। ४ ।

ज्ञानले चित्रको सर्प सर्प होइन चिन्दछौं ।।
चिने त्यस्तै परब्रह्म संसारबाट हटदछौं ।। ४ ।।

पुसो निजमनोमोहकल्पितो दुःखदः स्मृतः
संसारचिरवेतालो विचारेण विलीयते ॥ ५ ॥

आफ्नो मनोमोहबाट रचेको दुःखदायक ॥
संसाररूपी यो भूत विचारेमा हराउँछ ॥ ५ ॥

इदृशी राम मायेयं या स्वनाशेन हर्षदा ।
न लक्ष्यते स्वभावोऽस्याः प्रेक्ष्यमाणैव नश्यति ॥ ६ ॥

नाश जस्को हर्षदायी स्वभाव बुझ्न मुश्किल ॥
राम्रो विचारे नाशिन्छ माया यस्ती तिमी चिन ॥ ६ ॥

अहो नु चित्रा मायेयं तात विश्वविमोहिनी ।
सर्वाङ्गप्रोतमप्यात्मा यथाऽऽत्मानं न पश्यति ॥ ७ ॥

अचम्मको छ माया यो विश्वलाई भुलाउने ॥
सर्वाङ्गमा व्याप्त आत्मालाई आफै नदेखिने ॥ ७ ॥

यदिदं दृश्यते किञ्चित् तन्नास्ति किमपि ध्रुवम् ।
यथा गन्धर्वनगरं यथा वारि मरुस्थले ॥ ८ ॥

यो सबै देखिने वस्तु सत्य होइन निश्चय ॥
बालुवा टल्कंदा पानी हो जस्तो भ्रम केवल ॥ ८ ॥

यत्तु नो दृश्यते किञ्चिदन्तस्थमपि किञ्चन ।
अविनाशं तदस्तीह तत् सदात्मेति कथ्यते ॥ ९ ॥

न नाशिने सत्य वस्तु आत्मा हो चिन राघव ॥
देखिदैन अलिकति आफैभित्र छ यो बुझ ॥ ९ ॥

स्वज्ञानदर्पणे स्फारे समस्ता वस्तुजातयः ।
इमास्ताः प्रतिविम्बन्ति सरसीव तटद्रुमाः ॥ १० ॥

ज्ञान ऐनाभित्र त्यस्तो सृष्टिका सब वस्तुको ॥
छाया देखिन्छ हो जस्तो तालमा तटवृक्षको ॥ १० ॥

सर्गश्चित्स्पन्दमात्रात्मा सम्यग्दृष्टौ विलीयते ।
उदेत्य सम्यग्दृष्टौ तु रज्वां सर्पभ्रमो यथा ॥ ११ ॥

सृष्टि चैतन्यको स्पन्द मात्र हो सत्य होइन ॥
अन्तर्हृदयले हेरे यो त्यसै नै बिलाउँछ ॥
जस्तो अज्ञानले हुन्छ डोरीमा सर्पको भ्रम ॥
हेरेमा राम्ररी खुल्छ डोरी हो सर्प होइन ॥ ११ ॥

भोगवासनया यावद् बन्धो दार्ढ्यमवस्तुजः ।
तयोपशान्तया याति बन्धो जगति तानवम् ॥ १२ ॥

झूठो बन्धन कस्सिन्छ बढेमा भोगवासना ॥
यो हटेमा बन्धन त्यो खुकुलो हुन्छ विश्वमा ॥ १२ ॥

मनः सम्पद्यते तस्मान्महतः परमात्मनः ।
सुस्थिरादस्थिराकारं तरङ्ग इव वारिधेः ॥ १३ ॥

ठूला ती परमात्माले मन उत्पन्न गर्दछन् ॥
स्थिर सागरले जस्तै तरङ्ग अति चञ्चल ॥ १३ ॥

यत् स्वयं स्वैरमेवाशु सङ्कल्पयति नित्यशः ।
तेनेयमिन्द्रजालश्रीर्जाग्रति प्रवितन्यते ॥ १४ ॥

मनको कल्पनाबाट विश्वमा देखिने सब ॥
इन्द्रजालसरी दृश्य उप्जन्छ अनि बढ्दछ ॥ १४ ॥

यथा बालस्य वेतालो मृत्युपर्यन्तदुःखदः ।
असदेव सदाकारं तथा मढमतेर्जगत् ॥ १५ ॥

अज्ञ बालकका निम्ति भूत झैं दुखदायक ॥
हुन्छ मिथ्या जगत जो अज्ञानी सत्य ठान्दछ ॥ १५ ॥

अव्युत्पन्नस्य कनके कानके कतके यथा ।
कटकव्यक्तिरेवास्ति न मनागपि हेमधीः ॥ १६ ॥

अज्ञानी जनले ठान्छ सुनका गहना सब ॥
गहना हुन् स्वर्ण ह्वैन भएर मतिविभ्रम ॥ १६ ॥

तथाऽज्ञस्य पुरागारनगनागेन्द्रगोचरा ।
इदं दृश्यं दृगेवास्ति न त्वन्या परमार्थदृक् ॥ १७ ॥

त्यस्तै अज्ञानीले देख्छ नगरी, गृह, पर्वत ॥
हाथी वृक्षादिको दृश्य देख्तैन रूप वास्तव ॥ १७ ॥

अज्ञस्य दुःखौघमयं ज्ञस्याऽऽनन्दमयं जगत् ।
अन्धं भुवनमन्धस्य प्रकाशं तु सचक्षुषः ॥ १८ ॥

अज्ञानी जनका निंति यो विश्व दुःखपूर्ण छ ॥
ज्ञानीका निंति ता विश्व आनन्द परिपूर्ण छ ॥
अन्धाका निंति यो विश्व अन्धकार समान छ ॥
तर आँखा हुनेलाई प्रकाशमय विश्व छ ॥ १८ ॥

यथा विशुद्ध आकाशे सहसैवाभ्रमण्डलम् ।
भूत्वा विलीयते तद्वदात्मनीहाखिलं जगत् ॥ १९ ॥

विशुद्ध नभमा जस्तो मेघ बन्छ विलाउँछ ॥
अकस्मात् त्यसरी विश्व आत्माभित्र हराउँछ ॥ १९ ॥

आदित्याव्यतिरेकेण रश्मयो येन भाविताः ।
आदित्य एव ते तस्य निर्विकल्पः स उच्यते ॥२० ॥

जस्तो कीरण यी ह्वैनन् सूर्यदेखि पृथक् भने ॥
आत्मादेखि पृथक् ह्वैन त्यसरी विश्व यो पनि ॥ २० ॥

तन्तुमात्रो भवत्येव पटो यद्वद्विचारितः ।
आत्मतन्मात्रमेवेदं तद्वद्विश्वं विचारितम् ॥ २१ ॥

राम्रो शोचे वस्त्र भन्ने धागो मात्र भएसरी ॥
विश्व यो ब्रह्म मात्रै हो हे राम ! बुझ राम्ररी ॥ २१ ॥

विश्ववीचिविलासोऽयं चित्सुखाब्धेरुदेति च ।
विलीयते च तत्रैव मध्ये कथमतन्मयः ॥ २२ ॥

ब्रह्मरूपी उदधिको विश्व खाली तरंग हो ॥
उठ्दै हराउदै गर्छ मध्यमा पनि ब्रह्म हो ॥ २२ ॥

यथा न तोयतो भिन्ना फेनोर्मिहिमबुद्बुदाः ।
आत्मनोऽपि तथाऽभिन्नं विश्वमात्मविनिर्गतम् ॥ २३ ॥

जलबाट भिन्न ह्वैनन् हिउँ बुद्वुद औ फिज ॥
त्यस्तै अभिन्न हो विश्व आत्मादेखि तिमी बुझ ॥ २३ ॥

आत्मनोऽपि तथा विश्वमात्मन्येव लयं व्रजेत् ।
मृदि कुम्भो जले वीचिः कनके कुण्डलं यथा ॥ २४ ॥

आत्मावाट विश्व उब्jयो आत्मामै त्यो हराउँछ ॥
माटोमा कुम्भझैं उर्मि जलमा झैं विलाउँछ ॥ २४ ॥

आत्माज्ञानाज्जगद्भाति स्वात्मज्ञानान्निवर्तते ।
रज्ज्वज्ञानादहिर्भाति तज्ज्ञानाच्च निवर्तते ॥ २५ ॥

नजान्दा ब्रह्म हो विश्व जानेमा त्यो हराउँछ ॥
डोरी नचिन्दा हो सर्प चिन्दा जस्तो हराउँछ ॥ २५ ॥

तस्यादृश्यात्मतत्त्वस्य विस्मृत्यैव स्थितिं गतम् ।
जगत्स्यादीश्वराद्राम भ्रमाद्रज्जुभुजङ्गवत् ॥ २६ ॥

विर्सनाले आत्मतत्व जगत् यो जग्मगाउँछ ॥
भ्रमले सर्प झैं डोरी जसरी चल्वलाउँछ ॥ २६ ॥

स्वप्ने जाग्रदसद्रूपा स्मृतौ जाग्रदसद्वपुः ।
मृतिर्जन्मन्यसद्रूपा मृतौ जन्माप्यसन्मयम् ॥२७ ॥

एवं न सन्नासदिति भ्रान्तिमात्रं विजृम्भते ।
अनुभयत एवाशु [illegible]च्चित्सर्वानुभूतितः ॥ २८ ॥

जाग्रत् अवस्था स्वप्नामा जसरी तथ्यहीन छ ॥
फेरि त्यस्तै स्मरणमा जाग्रत् पनि असत्य छ ॥ २७ ॥
यसरी ज्ञानमा राम सत् असत् भ्रममात्र हो ॥
ब्रह्म ज्ञान भए मात्र जगत्को भेद खुल्छ यो ॥
ब्रह्मको फुर्तिले विश्व सत्तावान् फुर्तिलो भयो ॥ २८ ॥

जीवन्मुक्त लक्षण ३

तत्त्वावबोध एवैकः सर्वाशातृणपावकः ।
प्रोक्तः समाधिशब्देन न तु तूष्णीमवस्थितिः ॥ १ ॥

तत्वज्ञानमात्र एक तृष्णा झार डढाउने ॥
समाधि भनिने यै हो चुप्प बस्दा कहाँ हुने ॥ १ ॥

चिदाकारमिदं सर्वं जगदित्यवभावयन् ।
यस्तिष्ठत्युपशान्तात्मा स ब्रह्मकवचः सुखी ॥२॥

जगत् यो हो ब्रह्मरूप यस्तो निश्चय लीकन ॥
मनशान्त गरी वस्नु ब्रह्म कवच लीकन ॥ २ ॥

सर्वातीतपदालम्बी पूर्णन्दुशिशिराशयः ।
यस्तिष्ठति सदा योगी स एव परमेश्वरः ॥३ ॥

पूर्णेन्दुझैं शान्तचित्त ब्रह्ममा लीन भैकन ॥
रहन्छ जो त्यही योगी त्यही हो परमेश्वर ॥ ३ ॥

ब्रह्मोपनिषदां तत्त्वं भावयन् योऽन्तरात्मना ।
नोद्वेगी न च तुष्टात्मा संसारे नावसीदति ॥ ४ ॥

अन्तरात्माबाट जस्ले ब्रह्मतत्व विचार्दछ ॥
विषादहर्षरहित आनन्दमय बन्दछ ॥ ४ ॥

यथा पर्वतमादीप्तंनाश्रयन्ति मृगद्विजाः ।
तद्वद्ब्रह्मविदो दोषा नाश्रयन्ति कदाचन ॥ ५ ॥

वल्दो पहाडमा जस्तो वस्दैनन् मृग आ चरा ॥
त्यसरी दोष वस्दैनन् कहिल्यै पनि ज्ञानीमा ॥ ५ ॥

असन्त इव सन्तोऽपि कोपयन्ति परं नरम् ।
निजकर्मगुणोदारपरिपाकं परीक्षितुम् ॥ ६ ॥

असन्तझैं सन्त पनि अरूसंग रिसाउँछन् ॥
मानापमानमा तुल्य भैरहेको जँचाउछन् ॥ ६ ॥

ज्ञात्वाऽप्यसर्पं सर्पोत्थं यथा कम्पं न मुञ्चति ।
विध्वस्ताखिलमोहोऽपि मोहकार्यं तथाऽऽत्मनि ।। ७ ।।

शुरूमा सर्प ठान्नाले उठेको कम्प औ डर ।।
डोरी रहेछ थाहा भो तर त्यो रही राख्दछ ।।
सम्पूर्ण विश्वको मोह त्यागेका विज्ञमा पनि ।।
देखिन्छ मोहको मात्रा केही बाँकी रहे सरी ।। ७ ।।

स्फटिकः प्रतिविम्बेन यथा नायाति रञ्जनम् ।
तज्ज्ञः कर्मफलेनान्तस्तथा नायाति रञ्जनम् ।। ८ ।।

छायाले जसरी ऐना रंगिदैन त्यसै गरी ।।
कर्मको फलमा ज्ञानी लिप्त हुन्न कवै पनि ।। ८ ।।

अन्तर्मुखतया तिष्ठन् बहिर्वृत्तिपरोऽपि सन् ।
परिश्रान्ततया नित्यं निद्रालुरिव लक्ष्यते ।। ९ ।।

वाहिरी वृत्तिमा लागे जस्तो भान हुने तर ।।
साक्षी स्वभावमा वस्ने अन्तर्मुख भई कन ।।
संसारको तापवाट उनी निवृत्त छन् भने ।।
संधै निद्रालु झैं हेर्दा शान्त ज्ञानी उनी वने ।। ९ ।।

अद्वैते स्थैर्यमायाते चित्ते च प्रशमं गते ।
योगिनः कर्म कुर्वन्ति पश्यन्ति स्वप्नवज्जगत् ।।१० ।।

चित्तमा शान्तिको वास स्थिरता ब्रह्ममा गरी ।।
जान्दै योगी कर्म गर्छन् जगत् छ सपना सरी ।। १० ।।

अद्यैव मरणं वाऽस्तु कल्पान्तनिचयेन वा ।
तज्ज्ञः कलङ्कं नाऽऽप्नोति हेम पङ्कगतं यथा ।। ११ ।।

आजै मरण होस् चाहे रहोस् कल्पान्त जीवन ।।
ज्ञानी मलिन वन्दैन हिलोमा लिप्त झैं सुन ।। ११ ।।

तनुं त्यजतु वा काश्यां श्वपचस्य गृहेऽथवा ।
ज्ञानसम्प्राप्तिसमये मुक्तोऽसौ विगताशयः ॥ १२ ॥

काशी मरण होस् ज्ञानी चाहे चण्डालको घर ॥
ज्ञानको प्राप्तिकै वेला मुक्त भो अब के डर ? ॥ १२ ॥

गोष्पदं पृथिवी मेरुः स्थाणुराकाशमुद्रिका ।
तृणं त्रिभुवनं राम नैष्कर्म्यालङ्कृताकृतेः १३ ॥

मेरू खम्वा धरा गोखुर् नभ औंठी समान भो ॥
त्रिलोक झारझैं राम ! नैष्कर्म्य जसले लियो ॥ १३ ॥

अन्तःशून्यो बहिःशून्यः शून्यकुम्भ इवाम्बरे ।
अन्तःपूर्णो बहिःपूर्णः पूर्णकुम्भ इवार्णवे ॥ १४ ॥

नभमा कुम्भझैं ज्ञानी भित्र बाहिर शून्य छन् ॥
कुम्भ सागरमा जस्तै भित्र बाहिर पूर्ण छन् ॥ १४ ॥

ईप्सितानीप्सितौ नस्तो यस्यान्तर्वस्तुदृष्टिषु ।
यः सुप्त इव ह्याचरति स मुक्त इति कथ्यते ॥ १५ ॥

ती इष्टानिष्ट जान्दैनन् वस्तु हेराइमा भने ॥
प्रियाप्रिय कुनै छैन सुप्त झैं मुक्त ती बने ॥ १५ ॥

निर्ग्रन्थिः शान्तसन्देहो जीवन्मुक्तः स्वभावतः ।
अनिर्वाणोऽपि निर्वाणश्चित्रदीप इव स्थितः ॥१६ ॥

सन्देह छैन न अहं जीवन्मुक्त स्वभाव हो ॥
भित्र बल्दो बाहिरता निभे झैं चित्रदीप त्यो ॥ १६ ॥

अहङ्कारमयीं त्यक्त्वा वासनां लीलयैव यः ।
तिष्ठति ध्येयसन्त्यागी जीवन्मुक्तः स उच्यते ॥ १७ ॥

त्यागी अहंकारमय वासना सजिलैसंग ॥
भोगचिन्ता नली बस्छन् जीवन्मुक्त बनीकन ॥ १७ ॥

दूरे मुञ्चति बन्धुमन्धमिव यः सङ्गाद्भुजङ्गादिव
त्रासं यो विदधाति वेत्ति सदृशं भोगञ्च रोगञ्च यः ।
स्त्रैणे यस्तृणवद्घृणां प्रकुरुते मित्रेष्वमित्रेष्वपि
स्वान्तं यस्य समं स मङ्गलमिहामुत्रापि मत्योंऽश्नुते ॥ १८ ॥

छाड्ने टाढा बन्धुलाई अन्धकूप त्यजेसरी ॥
सङ्ग आफन्तको त्याग्ने सर्पसंग वसे सरी ॥
भोगलाई रोग जस्तो ठान्ने मित्र र वैरीमा ॥
यौटै दृष्टि राख्न सक्ने, नारीलम्पटलाई ता ॥
तृणजस्तै घृणा गर्ने, त्यस्तो मानव जीवन ॥
सदाकाल दुवै लोक कल्याणपूर्ण बन्दछ ॥ १८ ॥

हृदयात् यः परित्यज्य सर्वं दृश्यं प्रशान्तधीः ।
व्योमसौम्यतरोऽव्यग्रः स मुक्तः परमेश्वरः ॥ १९ ॥

चिन्ताबाट हटेको छ बाहिरी दुनिया, मन ॥
ठण्डा, आकाश झैं सौम्य, ती मुक्त परमेश्वर ॥ १९ ॥

समाधिमथ कर्माणि मा करोतु करोतु वा ।
हृदयेनास्तसर्वाशो मुक्त एवोत्तमाशयः ॥ २० ॥

चित्तबाट हराएको तृष्णाजाल सबै हुँदा ॥
सफा छ मन त्यस्ताको आखिर ब्रह्म सम्मा ॥
ध्यान कर्म गरोस् चाहे न गरोस् छैन अन्तर ॥
उ त मुक्त भएका न छ तुल्य परमेश्वर ॥ २० ॥

अनात्मन्यात्मधीर्बन्धस्तन्नाशो मोक्ष उच्यते ।
बन्धमोक्षौ न विद्येते नित्यमुक्तस्य चाऽऽत्मनः ॥ २१ ॥

देहादिमा आत्मबुद्धि बन्ध हो नाश मोक्ष हो ॥
बन्धमोक्ष उ जान्दैन आत्मा यो नित्यमुक्त हो ॥ २१ ॥

दृश्यं नास्तीति बोधेन मनसो दृश्यमार्जनम् ।
सम्पन्नं चेत् तदुत्पन्ना परा निर्वाणनिर्वृतिः ॥ २२ ॥

ज्ञानले दृश्य क्यै छैन भन्ने निक्र्यौल लीवन्न ॥
मनबाट सबै दृश्य निराकरण भैवन ॥
सहजैमा मुक्तिसुख पाइन्छ सजिलैसंग ॥ २२ ॥

न मोक्षो नभसः पृष्ठे न पाताले न भूतले ।
सर्वाशासंक्षये चेतःक्षयो मोक्ष इतीष्यते ॥ २३ ॥

मोक्ष वस्दैन आकाश न त पाताल भूतल ॥
तृष्णाको नाशमा वस्छ मोक्ष हो चित्तको क्षय ॥ २३ ॥

अनन्ते चिद्घनानन्दे निर्विकल्पैकरूपिणि ।
स्थिते द्वितीयस्याभावात् को बन्धो मोक्ष एव वा ॥२४ ॥

अनन्तमा चिन्मयमा त्यसरी सुखरूपमा ॥
एकमात्र छ यो आत्मा निर्विकल्प स्वरुपमा ॥ २४ ॥

मन एवोल्लसन्मात्रं बद्धतामगमद्यतः ।
मनःप्रशमनो राम मोक्ष एवावशिष्यते ॥ २५ ॥

मनको वृद्धि हो बन्ध मनः शान्ति त मोक्ष हो ॥
समाधिमा बसे योगी दुःखबाट विमुक्त भो ॥ २५ ॥

मनोलय ४

एष स्वभावाभिमतं स्वतः संकल्प्य धावति ।
चेतना स्वयमम्लाना सैवेह मन आत्मनः ॥१॥

आत्माको रुपमा आफू अखण्डित रहीकन ॥
चिनिन्छ मन संज्ञाले यताउति हिंडीकन ॥
नाना प्रकारका इष्ट अनिष्ट अनि शोच्दछ ॥
संकल्पहरू ताकेर यत्रतत्र उ दौड्दछ ॥ १ ॥

एतस्मात् सर्वगाद्देवात् सर्वशक्तेर्महात्मनः ।
विभागकलनाशक्तिलहरीवोत्थिताम्भसः ॥२॥

उत्पन्न हुन गो स्पष्ट परमेश्वरबाट नै ॥
संसार रचना शक्ति पानीबाट तरङ्ग झैं ॥
निश्च हो परमात्मानै शंका छैन यहाँ कुनै ॥ २ ॥

अन्तःसङ्कल्पसिद्धेयं सङ्कल्पेनैव शाम्यति ।
येनैव जायते तेन वह्निज्वालेव वायुना ॥ ३ ॥

संकल्पैबाट भाइन्छ संकल्पैबाट गुम्दछ ॥
वायुबाट अग्निज्वाला जतरी बल्छ निम्दछ ॥ ३ ॥

मनोऽमुनैवाभ्युदितं मनागेवानपेक्षणात् ।
स्वस्वप्नमरणाकारं प्रेक्षमाणं न विद्यते ॥ ४ ॥

विचार नगरे राम्रो मन संकल्पबाट नै ॥
बन्नेछ दुःखको हेतु सप्नामा आत्ममृत्यु झैं ॥
जागेमा दुःख क्यै छैन विचार्दा न भई कतै ॥ ४ ॥

असम्यग्दर्शनं यत् स्यादनात्मन्यात्मभावनम् ।
यदवस्तुनि वस्तुत्वं तन्मनो विद्धि राघव ॥ ५ ॥

आत्मा देख्नु अनात्मामा रात्रो दर्शन होइन ।
झूठो संसारमा राम सत्यता देख्नु हो मन ॥ ५ ॥

अयं सोऽहमिदं तन्मे एतावन्मात्रकं मनः ।
तदभावनमात्रेण विचारेण विलीयते ॥ ६ ॥

'म हुँ देह' र 'सम्पत्ति मेरो' भन्ने मनै न हो ॥
यस्तो होइन यो जाने मात्र नै मन नष्ट भो ॥ ६ ॥

उपादेयानुपतनं हेयैकान्तविवर्जनम् ।
यदेतन्मनसो रूपं तद्बन्धं विद्धि नेतरम् ॥ ७ ॥

अनिष्टवस्तुको त्याग इष्टको गर्नु संग्रह ॥
यही हो मनको रूप यही हो बुझ बन्धन ॥ ७ ॥

मनो हि जगतां कर्तृ मनो हि पुरूषः स्मृतः ।
मनःकृतंकृतं लोके न शरीरकृतं कृतम् ॥ ८ ॥

विश्वको मन हो कर्ता मनुष्य मन जाननु ॥
मनले आँट्छ जे काम देहले गर्छ सम्झनु ॥ ८ ॥

चित्तं कारणमर्थानां तस्मिन् सति जगत्त्रयम् ।
तस्मिन् क्षीणे जगत् क्षीणं तच्चिकित्स्यं प्रयत्नतः ॥ ९ ॥

चित्त हो अर्थको हेतु त्यसमा तीन लोक छन् ॥
त्यो हराए जगत् छैन विज्ञ औषधि गर्दछन् ॥ ९ ॥

राम वासनया बद्धं मुक्तं निर्वासनं मनः ।
तस्मान्निर्वासनीभावमाहराऽऽशु विवेकतः ॥ १० ॥

वासना न भए मोक्ष बन्ध मानिन्छ वासना ॥
मनबाट विचारेर हटाउ राम वासना ॥ १० ॥

यथाऽभ्रलेखा शशिनं सौधलेपं मसी यथा ।
दूषयत्येवमेवान्तमाशापाशपिशाचिका ॥ ११ ॥

चन्द्रलाई बादलझैं सेतो घर मसी सरी ॥
मनलाई विगार्छे यो आशाको पास राक्षसी ॥ ११ ॥

अन्तर्मुखतया सर्वं चिद्बह्मौ विजगत्तृणम् ।
जुह्वतोऽन्तर्निवर्तेरन् राम चित्तादिवृत्तयः ॥ १२ ॥

अन्तर्मुख भएकाले आत्मज्ञान स्वरुपको ॥
आगोमा होमिद्यौ झार तीनै लोक स्वरूपको ॥
अनिमात्र हटीजाला चित्तवृत्ति मुमुक्षुको ॥ १२ ॥

यदा न भाव्यते किञ्चिद्धेयोपादेयरूपवित् ।
स्थीयते सकलं त्यक्त्वा तदा चित्तं न जायते ॥ १३ ॥

सांसारिक कुरा सारा अवास्तविक मान्दछ ।
कुनै विषय सम्झन्न सबै त्यागेर बस्दछ ॥
त्यस्ता मुमुक्षुको चित्त रहदैन हराउँछ ॥ १३ ॥

घोरं जाग्रन्मयं चित्तं मूढं स्वप्ने व्यवस्थितम् ।
शान्तं सुषुप्तिभावस्थं त्रिभिर्हीनं मृतं भवेत् ॥ १४ ॥

जागदा चित्त यो घोर सप्नामा मूढ बन्दछ ॥
सुसुप्तिकालमा शान्त चौथोमा अनि मर्दछ ॥ १४ ॥

विलाप्य पङ्कं कतकरजोऽप्सु नयति यथा ।
तथाऽऽत्मनि नयेद्विद्वान् विलाप्य विलयं मनः ॥ १५ ॥

निर्मली रजले मैलो पानीको धुन्छ जस्तरी ॥
विद्वान्ले मन आत्मामा राखी धुन्छ त्यसै गरी ॥ १५ ॥

चित्तं जानिहि संसारं बन्धश्चित्तमुदाहृतम् ।
पादपः पवनेनेव देहश्चित्तेन चाल्यते ॥ १६ ॥

चित्त नै जान संसार यो नै शास्त्र बताउँछ ॥
हावाले वृक्ष झैं देह चित्तले नै चलाउँछ ॥१६ ॥

हस्तं हस्तेन सम्पीडच दन्तैर्दन्तांश्च पीडयन् ।
अङ्गान्यङ्गैः समाक्रम्य जयेदादौ स्वकं मनः ॥ १७ ॥

थिचेर हात हातैले बजाई दाँत दाँतले ॥
अङ्गले अङ्ग पक्रेर चित्त यो जित चित्तले ॥ १७ ॥

चित्तमेकं न शक्नोति जेतुं स्वातन्त्र्यवर्ति यः ।
ध्यानवार्तां वदन्मूढः स किं लोके न लज्जते ॥ १८ ॥

चित्त जो जित्न सक्तैन मन्परी हिड्न चाहने ॥
गरनै ध्यानको धाक मूर्ख लाज नमानने ॥ १८ ॥

एक एव मनोदेवो जेयः सर्वार्थसिद्धिदः ।
अनेन विफलः क्लेशः सर्वेषां तज्जयं विना ॥ १९ ॥

मनोरुपी देवता नै जितेमा सिद्धिदायक ॥
नजितेमा दुःखदायी साधना व्यर्थ बन्दछ ॥ १९ ॥

20,032

अनुद्वेगः श्रियोमूलमनुद्वेगात् प्रवर्तते ।
जन्तोर्मनोजयादन्यस्त्रैलोक्यविजयस्तृणम् ॥ २० ॥

इष्टवस्तु न पाएमा पनि यो मन शान्त भो ॥
कुनै उद्वेग न भए तब ता मोक्ष प्राप्त भो ॥
त्रैलोक्य जित्नु क्यै ह्वैन मन जित्नु महान हो ॥ २० ॥

सत्सङ्गोः वासनात्यागोऽध्यात्मशास्त्रविचारणम् ।
प्राणस्पन्दनिरोधश्चेत्युपाया मनसो जये ॥ २१ ॥

सत्सङ्ग गरिनै राख्नु तृष्णा त्याग गरीकन ॥
वेदान्तशास्त्र पढनु प्राणायाम गरीकन ॥
यीनै उपाय गर्नाले वन्छ स्वाधीन यो मन ॥ २१ ॥

पूर्णे मनसि सम्पूर्णं जगत् सर्वं सुधाद्रवैः ।
उपानद्गूढपादस्य ननु चर्मावृतैव भूः ॥ २२ ॥

मनको जयले सारा जगत् अमृत तुल्यछ ॥
जुत्ताले पृथिवी जस्तो चर्मवेष्टित तुल्यछ ॥ २२ ॥

नाहं ब्रह्मेति सङ्कल्पात् सुदृढं बध्यते मनः ।
सर्वं ब्रह्मेति सङ्कल्पात् सुदृढं मुच्यते मनः ॥ २३ ॥

'म ब्रह्म ह्वैन' संकल्प मन निश्चय बाँध्दछ ॥
संकल्प 'सब हो ब्रह्म' मन यो मुक्त पार्दछ ॥ २३ ॥

चित्ते त्यक्ते लयं याति द्वैतमेक्यं च सर्वतः ।
शिष्यते तु परं ब्रह्म शान्तं नित्यमनामयम् ॥ २४ ॥

चित्तको त्यागमा द्वैत हराई ऐक्य आउँछ ॥
शान्त नित्य परब्रह्म अनामय छ केवल ॥ २४ ॥

चिन्मात्रत्वं प्रयातस्य तीर्णमृत्योः सचेतसः ।
यो भवेत् परमानन्दः केनासावुपमीयते ॥ २५ ॥

मत्युबाट पार तरी पुगेका ब्रह्म भावमा ॥
परमानन्दमा ती छन् उनको तुलना कहाँ ॥ २५ ॥

वासनोपसम ५

राम स्वात्मविचारोऽयं कोऽहं स्यामितिरूपकः ।
चित्तदुर्द्रुमबीजस्य दहने दहनः स्मृतः ॥ १ ॥

'म को हुँ ? यो विचाराग्नि जब भित्र उदाउँछ ॥
मनको वासनारूप वृक्षबीज डढाउँछ ॥ १ ॥

विचारदर्पणे लग्नां धियं धैर्यधुरं गताम् ।
आधयो न विलुम्पन्ति वाताश्चित्रलतामिव ॥ २ ॥

विचार ब्रह्मको गर्ने बुद्धि जो धैर्यशील छ ॥
त्यस्लाई आधिले स्पर्श कहिल्यै किन गर्दछ ? ॥
चित्रको लहरालाई वायु के छुन सक्दछ ? ॥ २ ॥

विचारोऽध्यात्मविद्यानां ज्ञानं तत्त्वविदो विदुः ।
ज्ञेयं तस्यान्तरे वास्ति माधुर्यं पयसो यथा ॥ ३ ॥

विचार आत्मविद्याको विज्ञ ज्ञान बताउँछन् ॥
मिठास दूधमा जस्तै यसै मा ब्रह्म पाउँछन् ॥ ३ ॥

विचारेण परिज्ञातस्वभावस्योदितात्मनः ।
अनुकम्प्या भवन्तोह ब्रह्माविष्णुशिवादयः ॥ ४ ॥

ब्रह्मस्वरुप जसले जानेको छ निरन्तर ॥
त्यसका छन् दयापात्र ब्रह्मा विष्णु महेश्वर ॥ ४ ॥

किमिदं विश्वमखिलं किं स्यामहमिति स्वयम् ।
विचारनिरतस्यैतदसदेव भवेज्जगत् ॥ ५ ॥

म को हुँ ? विश्व यो के हो ? विचार यदि गर्दछन् ॥
आफुलाई सत्य जानी मिथ्या जगत ठान्दछन् ॥ ५ ॥

यस्य मौर्ख्यं क्षयं यातं सर्वं ब्रह्मेति भावनात् ।
नोदेति वासना तस्य प्राज्ञस्याम्बुमतिर्मरौ ॥ ६ ॥

सम्पूर्ण विश्व हो ब्रह्म जान्ने मूर्खत्वहीनमा ॥
वासना उठ्न सक्तैनन् जल झैं मरुभूमिमा ॥ ६ ॥

वासना-संपरित्यागाच्चितं गच्छत्यचित्तताम् ।
प्राणस्पन्द-निरोधाच्च यथेच्छसि तथा कुरू ॥ ७ ॥

वासनात्याग अथवा निरोध प्राणको गर ॥
चित्त चैतन्यमा हुन्छ जस्तो इच्छा त्यसै गर ॥ ७ ॥

साधुसङ्गमसच्छास्त्रपरो भवसि सन्मते ।
तद्दिनैरेव नो मासैः प्राप्नोषीमां परां धियम् ॥ ८ ॥

सत्सङ्ग शास्त्रद्वारा जो यदि अभ्यास गर्दछ ॥
महीना ह्वैन दिनमा उ ब्रह्मलीन बन्दछ ॥ ८ ॥

सत्सङ्गव्यवहारित्वाद् भवभावनवर्जनात् ।
शरीरनाशदर्शित्वाद् वासना न प्रवर्तते ॥ ९ ॥

सत्सङ्गले भने जस्तै व्यवहार गरीकन ॥
जगत्प्रपञ्च मिथ्या हो भन्ने भाव लिईकन ॥
शरीर नाशवान् जाने वासना पर भाग्दछ ॥ ९ ॥

दृढभावानुसन्धानाद् विमूढा अपि राघव ।
विषं नयन्त्यमृतताममृतं विषतामपि ॥ १० ॥

दृढभाव लिई लागे मूर्खले पनि खोजमा ॥
विष वन्छ सुधा हेर सुधा विष महामना ! ॥ १० ॥

सत्यभावेन दृष्टोऽयं देहो देहोमवत्यलम् ।
दृष्टस्त्वसत्यभावेन व्योमतां याति देहकः ॥ ११ ॥

देखिन्छ देह यो सत्य हेरेमा सत्यभावले ॥
हराउदछ यो देह हेरे असत्य भावले ॥
अनि प्राणी भोग्न थाल्छ अपार सुख भाग्यले ॥ ११ ॥

सुख तल्पगतो येन स्वप्ने देहेन दिक्तटान् ।
परिभ्रमसि हे राम ! स देहस्तु क्व साम्प्रतम् ॥ १२ ॥

सुतेको सुख शैय्यामा देहले जुन स्वप्नमा ॥
देशान्तर तिमी घुम्छौं जाग्दा त्यो देह गो कहाँ ? ॥ १२ ॥

देहोऽहमिति धीस्त्याज्या सर्वनाशेऽप्युपस्थिते ।
स्प्रष्टव्या सा न भव्येन सश्वमांसेव शूकरी ॥ १३ ॥

मुमुक्षुले सर्वनाश उपस्थित भए पनि ॥
'म देह हुँ' बुद्धि यस्तो गर्दैन कहिल्यै पनि ॥
मासु कुक्कुरको बोकी चण्डाल यदि हिड्दछ ॥
सदाचारी पुरुषले तव के छुन सक्दछ ? ॥ १३ ॥

ब्रह्मैकं भावयन् साधुः शान्तस्तिष्ठन् गतव्यथः ।
ततस्तेऽसावहम्भावः स्वयमेव विनश्यति ॥ १४ ॥

साधुले ब्रह्म यौटै छ भन्ने संकल्प लीकन ॥
शान्त भै दुःख त्यागेर रहने गर्छ निश्चय ॥
उस्को जो छ अहंभाव स्वयनै नष्ट बन्दछ ॥ १४ ॥

सर्वत्रैक्यावबोधेन स्वस्थान्तःशीतलः सदा ।
निरहङ्कृतिराकाशविशदस्तेन संस्थितः ॥ १५ ॥

ब्रह्मादेखि वृक्षसम्म सबैमा एक ब्रह्म छ ॥
भाव यस्तो लिन सके चित्त शीतल वन्दछ ॥
नष्ट हुन्छ अहंभाव आकाशसरी व्यापक ॥
बनेर उ सदा बस्छ विश्वमा भइ निर्मल ॥ १५ ॥

अन्तः शीतलतायां हि लब्धायां शीतलं जगत् ॥
अन्तस्तापोपतप्तानां दावदाहमयं जगत् ॥ १६ ॥

भित्र शीतलता पाए विश्व शीतल वन्दछ ॥
भित्री ताप जहाँ हुन्छ तहाँ त्यो विश्व जल्दछ ॥ १६ ॥

आत्ममनन–६

शुद्धो निरञ्जनोऽनन्तो बोधोऽहं प्रकृतेः परः ।
चेष्टमानमिमं देहं पश्याम्यन्यशरीरवत् ॥ १ ॥

अनन्त शुद्ध औ बुद्ध म मायादेखि दूर छु ॥
आफ्नो भन्ने देहलाई अरूकोसरि देख्दछु ॥ १ ॥

एते हि चिद्विलासान्ता मनोबुद्धीन्द्रियादयः ।
असन्तः सर्व एवाहो अवधानं विना स्थिताः ॥ २ ॥

मन इन्द्रिय प्रज्ञाको चेष्टा जे जति देख्दछौं ॥
आत्मज्ञान विना हामी सत्य मानेर चल्दछौं ॥ २ ॥

आपद्यचलचित्तोऽस्मि जगन्मित्रं च सम्पदि ।
भावाभावविहीनोऽस्मि तेन जीवाम्यनामयम् ॥ ३ ॥

सम्पत्तिमा जगत् मित्र आपत्मा चित्त छ स्थिर ॥
लाभ हानि नली बाँच्छु हाँसो शोक नलीकन ॥ ४ ॥

निरीहोऽस्मि निराशोऽस्मि खवत् स्वस्थोऽस्मि निःस्पृहः ।
शान्तोऽस्म्यहमरूपोऽस्मि चिरायुरचलः स्मृतः ॥ ४ ॥

निरीह कामनाहीन नभ झैं स्वस्थ निस्पृह ॥
शान्त अौ रूपरहित नचल्ने र चिरायु छ ॥ ४ ॥

चिदेव पञ्चभूतानि चिदेव भुवनत्रयम् ।
विज्ञातमधुना सम्यगहमेव चिदेव हि ॥ ५ ॥

पञ्चभूत ब्रह्म नै हो भुवनत्रय ब्रह्म हो ॥
अहिले राम्ररी जाने 'म' परब्रह्म नै त हो ॥ ५ ॥

सर्वातीतः सर्वगम्यः खमिवायमहं स्थितः ।
यत्तदस्मि तदेवास्मि वक्तुं शक्नोमि नेतरत् ॥ ६ ॥

सबैले जान्न सकिने जगत्देखि उ दूर छ ॥
आकाश झैं सबैलाई व्याप्त पारेर बस्दछ ॥
तत् शब्दले बताएको उ त्यै हो अरू होइन ॥ ६ ॥

मय्यनन्तचिदम्भोधावाश्चर्यं जीव-वीचयः ।
समुल्लसन्ति खेलन्ति प्रविशन्ति स्वभावतः ॥ ७ ॥

ज्ञानसागरमा जीव सब यी लहरीसरी ॥
उब्जन्छन् खेल्दछन् फेरी स्वभावैले हराउँछन् ॥ ७ ॥

मय्यनन्तचिदम्भोधौ विश्ववीच्यादिकल्पना ।
उदेतु वाऽस्तमायातु न मे वृद्धिर्न च क्षयः ॥ ८ ॥

ज्ञानसागरमा विश्वतरङ्गहरू झल्कने ॥
आउन् न आउन् तर म छु सदा एकनासले ॥ ८ ॥

मदज्ञानोदितं विश्वं मय्यव लयमागतम् ।
अप रोक्ष-चिदानन्द-साम्राज्य-मधुनाऽस्म्यहम् ॥ ९ ॥

मेरो अज्ञानले विश्व उदायो तर ज्ञानले ॥
फेरी नष्ट भएको छ म चिदानन्दमा डुबें ॥ ९ ॥

सर्वभूतान्तरस्थाय नित्यमुक्तचिदात्मने ।
प्रत्यक्चैतन्यरूपाय मह्यमेव नमो नमः ॥ १० ॥

समस्त जीवका भित्र चैतन्यरूप जो म छु ॥
नित्यमुक्त ज्ञानरुप आफैलाई म ढोग्दछु ॥ १० ॥

शुद्ध निरुपण–७

बहिः कृत्रिमसंरम्भो हृदि संरम्भवर्जितः ।
कर्ता बहिरकर्ताऽन्तर्लोके विहर राघव ॥ १ ॥

हेर्दा कर्तव्य गर है भित्र आशक्ति छाडिद्यौ ॥
हेर्दा कर्ता वास्तवमा कर्तृत्व भाव त्यागिद्यौ ॥ १ ॥

अन्तः सन्त्यक्तसर्वाशो वीतरागो विवासनः ।
बहिः सर्वसमाचारो लोके विहर राघव ॥ २ ॥

भित्रबाट सबै आशा वासना राग त्यागिद्यौ ॥
व्यवहार सबै गर्दै हिंड बाहिर राम लौ ॥ २ ॥

पूर्णां दृष्टि-मवष्टभ्य ध्येय-त्याग-विलासिनीम् ।
जीवन्मुक्ततया स्वस्थो लोके विहर राघव ॥ ३ ॥

ध्येय संसारको त्याग गर्ने दृष्टि लिईकन ॥
जीवन्मुक्त भई राम ! घम स्वस्थ भईकन ॥ ३ ॥

एको विशुद्धबोधोऽहमिति निश्चय-वह्निना ।
प्रज्वाल्य द्वैतगहनमेक एव सुखी भव ॥ ४ ॥

'यौटै विशुद्ध ज्ञाता म' निश्चयाग्नि लिईकन ॥
आफू यौटै सुखी होऊ जलाई द्वैत जङ्गल ॥ ४ ॥

देहोऽहं मान-पाशेन दृढं बद्धोऽसि सर्वतः ।
बोधोऽहं ज्ञानसङ्गेन तं निकृन्त्य सुखी भव ॥ ५ ॥

'म देह हुँ' बन्धनले कसिएको छ बेस्करी ॥
'म ब्रह्म हुँ' ज्ञानबाट काटी बन्धन हौ सुखी ॥ ५ ॥

अनात्मनि रतिं त्यक्त्वा निर्विभागो जगत्स्थितौ ।
एकनिष्ठतयाऽन्तःस्थः सच्चिन्मात्रपरो भव ॥ ६ ॥

अनात्ममा त्याग रति छोडिद्यौ भेद विश्वमा ॥
एकनिष्ठ बनी भित्र मिल आत्मस्वरूपमा ॥ ६ ॥

अजाग्रत्स्वप्न-निद्रस्य यत्ते रूपं सनातनम् ।
सचेतनं विशुद्धञ्च तन्मयो भव सर्वदा ॥ ७ ॥

जगत् स्वप्न तथा निद्रादेखि टाढा सचेतन ॥
सनातन शुद्ध तिम्रो रूप हो त्यो त्यही बन ॥ ७ ॥

मा भव ग्राह्यभावात्मा ग्राहकात्मा च मा भव ।
भावनामखिलां त्यक्त्वा यन्मयस्तन्मयो भव ॥ ८ ॥

ग्राह्य ग्राहकको भाव तिमीले छाडिद्यौ अब ॥
आखिरमा तिमी ब्रह्म रूपमा सजिलै मिल ॥ ८ ॥

सङ्कल्पेनैव सङ्कल्प मनसैव मनो मुने ।
छित्वा स्वात्मनि तिष्ठ त्वं किमेतावति दुष्करम् ॥ ९ ॥

संकल्पलाई संकल्प चित्तलाई स्वचित्तले ॥
जिती स्वरुपमा आफनो बस राघव यत्नले ॥ ९ ॥

कस्तवायं जडो मूको देहो भवति राघव ।
यदर्थं सुख-दुःखाभ्यामवशः परिमूयते ॥ १० ॥

नबोल्ने जड यो देह तिम्रो के लाग्छ राघव ! ॥
जस्कोलागी दुःखसुख भोगे र वस्दछौ अब।१० ॥

वव मांसरूधिरादीनि वव त्वं चैतन्य-विग्रहः ।
विजानन्नपि देहेऽस्मिन्नात्मबुद्धिं जहासि किम् ॥ ११ ॥

शरीर मासु रगत तिमी चैतन्य रूप हौ ॥
यस्तो शरीरमा फेरी आत्मत्व किन राख्दछौ ॥ ११ ॥

एतावतैव देवेशः परमात्मावगम्यते ।
काष्ठ-लोष्ठ समत्वेन देहोऽयमवगम्यते ॥ १२ ॥

काठमाटो सरी देह हो भन्ने जब बुझ्दछौ ॥
ब्रह्मलाई तिमी राम ! राम्ररी तब चिन्दछौ ॥ १२ ॥

अहो ! नु चित्रं यत् सत्यं ब्रह्म तद्विस्मृतं नृणाम् ।
यदसत्य-मविद्याख्यं तत् पुरः परिवल्गति ॥ १३ ॥

आश्चर्य हो ब्रह्मलाई अहो ! यी नर भुल्दछन् ॥
असत्य देहलाई नै ती सत्य भनि ठान्दछन् ॥ १३ ॥

अन्यच्चित्रं यत् परमं ब्रह्म तद्विस्मृतं नृणाम् ।
यन्ममेदमविद्याख्यं तत् पुरः प्रबलायते ॥ १४ ॥

अर्को आश्चर्य नरले परमब्रह्म विर्सने ॥
मेरो भन्ने अविद्याको कुरो नै मुख्य ठानने ॥ १४ ॥

सर्वं ब्रह्मेति यस्यान्तर्भावना सा विमुक्तिदा ।
भेदबुद्धिरविद्येयं सर्वथा तां परित्यज ॥ १५ ॥

सम्पूर्ण ब्रह्म हो भन्ने भावना मुक्तिदायक ॥
यस्को उल्टो भेदबुद्धि अविद्या त्याग्नलायक ॥ १५ ॥

आत्मार्चन—८

यदि देहं पृथक्कृत्य चिति विश्रम्य तिष्ठसि ।
तदा तृणीकृताशेषः स्वयमेको भविष्यसि ॥ १ ॥

देहाभिमान छाडेर यदि साक्षीस्वरूपले ॥
बसेमा विश्व भै तुच्छ रहन्छौ ब्रह्मरूपले ॥ १ ॥

येनेदं वेत्सि तज्ज्ञात्वा कुरु प्रत्यङ्मुखं मनः ।
ततः प्रकाशरूपत्वं द्रक्ष्यसि स्फुटमस्ति नः ॥ २ ॥

जस्को सहायताले यो जगत् जानिन्छ दिन्दिन ॥
खोजीगर त्यसैको नै प्रत्यङ्मुख गरी मन ॥
अनि सुस्पष्ट देख्नेछौ श्रद्धायुक्त भईकन ॥ २ ॥

येन शब्दं रसं रूपं गन्धं जानासि राघव ।
तमात्मानं परं ब्रह्म जानीहि परमेश्वरम् ॥ ३ ॥

जस्ले गर्दा शब्द, रूप, रस, सौगन्ध जान्दछौ ॥
सम्झ त्यो हो परब्रह्म विचारे तिमी बुझ्दछौ ॥ ३ ॥

यत्र भावा हि स्पन्दन्ते निर्भीयन्ते च येन च ।
तमेवाऽऽत्मानमात्मानं रूपं जानीहि राघव ॥४ ।

जहाँ सृष्टि चलेको छ जस्ले विश्व चलाउँछ ॥
आत्मा नै त्यो स्व आत्माको रूप हो बुझ राघव ॥ ४ ॥

सम्यग्ज्ञेयमिदं तत्त्वं नेति सन्त्यज्य युक्तिभिः ।
प्राप्यावशिष्टचिन्मात्रं सोऽहमस्मीति भावय ॥ ५ ॥

न्याय सिद्धान्तले हेर्दा झूठो यो सब सृष्टि छ ॥
बाँकी बच्छ परब्रह्म 'म त्यै हुँ' यति लौ बुझ ॥ ५ ॥

ज्ञानं न भवतो भिन्नं ज्ञेयं ज्ञानात् पृथङ् न हि ।
अतो नाऽऽत्मेतरं किञ्चित्तस्माद्वैतो न विद्यते ॥ ६ ॥

तिम्रो ज्ञान भिन्न छैन ज्ञानबाट नज्ञेय नै ॥
आत्मादेखि भिन्न केही छैन भेद कतै कुनै ॥ ६ ॥

ब्रह्म–विष्णु–शिवेन्द्राद्याः यद्यत्कुर्वन्ति सर्वतः ।
तदहं चिद्वपुः सर्वं करोमीत्येव भावय ॥ ७ ॥

ब्रह्मादि देवताले जो गर्दछन् सृष्टिका कुरा ॥
चैतन्य रूपले मेरो त्यै गर्छ बुझ सर्वदा ॥ ७ ॥

अहं सर्वमिदं विश्वं परमात्माऽहमव्ययः ।
न भूतं नास्ति नो भावि मत्तोऽन्यदिति भावय ॥ ८ ॥

संसार यो सबै मै हुँ परमात्मा म अव्यय ॥
मदेखि भिन्न क्यै थेन छैन वा हुन सबदछ ॥ ८ ॥

एकं ब्रह्म चिदाकारं सर्वात्मकमखण्डितम् ।
निष्कम्पं भूरि वाशेषमिति भावय यत्नतः ॥ ९ ॥

यौटै ब्रह्म चिदाकार सर्वात्मक अखण्डित ॥
निष्कम्प अथवा धेरै निःशेष यसरी बुझ ॥ ९ ॥

नाहं न चान्यद्वाऽस्तीति ब्रह्मैवास्ति निरन्तरम् ।
आनन्दपूर्ण सर्वत्रेत्यनुद्वेगादुपास्यताम् ॥ १० ॥

म ह्वैन अरू क्यै छैन खाली ब्रह्म निरन्तर ॥
आनन्दपूर्ण सर्वत्र निर्भीक गर अर्चन ॥ १० ॥

ग्राह्य-ग्राहक-सम्बन्धे सामान्ये सर्व-देहिनाम् ।
योगिनः सावधानत्वं यत्तदर्चन-मात्मनः ॥ ११ ॥

ग्राह्य गाहक संबंध सामान्य अन्य जीवमा ॥
तर योगीजनहरू छाडी विषय वासना ॥
आत्मार्चन मात्र गर्छन् सावधान रही यहाँ ॥ ११ ॥

आत्मस्वरुप निरूपण–९

तस्मिन् देहेन्द्रियादीनां सङ्घाते स्फुरति स्वतः ।
अयं सोऽहमिति भावः स जीवो मलगुण्ठितः । १ ॥

देहादि संघका भित्र जो भाव नित्य फुर्दछ ॥
'यो' 'त्यो' 'म' आदि जो भन्ने त्यही हो जीव निन्दित ॥ १ ॥

सर्वमेव चिदाकाशं ब्रह्मेति घननिश्चये ।
स्थिते याते शमं याति जीवो निःस्नेह-दीपवत् ॥ २ ॥

'सब नै यो चिदाकाश ब्रह्म हो' दृढनिश्चय ॥
भएमा दीप झैं तेल सकिदा जीव निर्भेदछ ॥ २ ॥

स्वमहत्त्वं यथोपेक्ष्य कश्चिद्विप्रो दुरीहया ।
अङ्गीकरोति शूद्रत्वं तथा जीवत्वमीश्वरः ॥ ३ ॥

आफनो महत्व विसेँर द्विज भै शूद्र बन्दछ ॥
भूलले परमात्मानै त्यसरी जीव बन्दछ ॥
अज्ञानको जालभित्र परी संकष्ट भोग्दछ ॥ ३ ॥

असत्यमेव सङ्कल्प्य भ्रमेनेदं शरीरकम् ।
जीवः पश्यति मूढात्मा बालो यक्षमिवोत्थितम् । ४ ॥

जस्तो बालकले झूठो भूत सत्य बताउँछ ॥
त्यस्तै यो जीवले देह मूर्ख भै सत्य ठान्दछ ॥ ४ ॥

मृत्सेमके ययेभत्वं शिशुरध्यस्य वल्गति ।
अध्यस्याऽऽत्मनि देहादीन् मूढस्तद्वद्विचेष्टते ॥ ५ ॥

माटोको हात्तिलाई नै शिशुले सत्य ठान्दछ ॥
त्यस्तै शरीर आत्मा हो मूर्खले ठहराउँछ ॥ ५ ॥

चित्र–सर्पः परिज्ञातो न सर्पभयदो यथा ।
जीवसर्पः परिज्ञातस्तथा दुःखे न दुःखदः ॥ ६ ॥

जानेमा चित्रको सर्प तत्काल भय हट्दछ ॥
त्यस्तै चिन्दा जीव सर्प दुखमा दुख भाग्दछ ॥ ६ ॥

रज्जि सर्पोऽयमध्यस्तो मालायामेव लीयते ।
आत्मनि प्रोत्थितो भेद आत्मन्येव विलीयते ॥ ७ ॥

मालामा सर्प हो भन्ने भ्रम ज्ञान उदाउदा ॥
भ्रमको सर्प मालामा जसरी त्यो विलाउँछ ॥
आत्मामा भेद जे जे नै हामीवाट पलाउँछ ॥
प्रत्यक् स्वरूपको साक्षात्कारले त्यो हराउँछ ॥ ७ ॥

नैकमप्यङ्गदाद्यञ्च यथैकं हेम संस्थितम् ।
उपाधिभिरनेकोऽपि तथाऽऽत्मैकः स्वरूपतः ॥ ८ ॥

गहना धेर छन् जस्तो सुन ता तर एक छ ॥
उपाधिले धेर तर आत्मा आखिर एक छ ॥ ८ ॥

शरीरेऽवयवा यद्वद्विकाराश्च यथा मृदः ।
अद्वैतं द्वैतवद्भाति तथा स्थावर-जङ्गमम् ॥ ९ ॥

शरीरमा अङ्ग जस्तो माटोमा घट दीप झैं ॥
नाना स्वरूप देखिन्छ एक अद्वैत ब्रह्म नै ॥ ९ ॥

मणि-तोय-घृता-दर्शे-ष्वेक-मप्याननं यथा ।
भात्य-नेक-मिवाऽऽत्माऽपि तथा धीष्वनु-विम्बितः ॥१० ॥

यौटै आकृतिको छाया घिउ ऐना र नीरमा ॥
भिन्दा भिन्दै देखिए झैं आत्मा पनि पदार्थमा ॥
देखिन्छ धेरै तर त्यो छैन नाना कुनै यहाँ ॥ १० ॥

धूलि-धूमा-म्बुदै-र्यद्वद्मलिनीक्रियते नभः ।
परामृष्टस्तथैवाऽऽत्मा विशुद्धः प्राकृतैर्गुणैः ॥ ११ ॥

धूंवा धूलो मेघद्वारा जसरी नभ बन्दछ ॥
धमिलो त्यसरी आत्मा आफु शुद्ध सदैव छ ॥
तथापि गुणको स्पर्श पाई विकृत बन्दछ ॥ ११ ॥

अग्नि सङ्गाद्यथा लोह-मग्नित्व-मुपगच्छति ।
आत्मसङ्गात्तथा गच्छ-त्यात्मता - मिन्द्रियादिकम् ॥ १२ ॥

आगोको साथ पाएर फलाम अग्नि बन्दछ ॥
आत्माको साथ पाएर आत्मा बन्दछ इन्द्रिय ॥ १२ ॥

अदृश्यो दृश्यते राहुर्गृहीतेन यथेन्दुना ।
तथाऽनुभवमात्रात्मा दृश्येनाऽत्मावलोक्यते ॥ १३ ॥

आफै अदृश्य हो राहु तर ऊ यदि छोप्तछ ॥
चन्द्रलाई त्यसै वेला दृष्टिगोचर बन्दछ ॥
त्यस्तै अदृश्य हो आत्मा जानिने अनुभूतिले ॥
तर देखिन्छ त्यो आत्मा पाए महत दृश्यले ॥ १३ ॥

आत्मनो जडसंगात् स्यादनात्मत्वं जडस्य तु ।
स्या–दात्म–संगा–दात्मत्वं जलाग्न्योः संगवन्मिथः ॥१४॥

आत्माको जड संसर्ग अनात्मत्व बढाउँछ ॥
आत्मासंग भए संग जड आत्मत्व पाँउछ ॥
आगो र पानी जसरी ती परस्पर मिल्दछन् ॥
जो जस्मा मिल्छ त्यस्को नै गुण बाहुल्य ल्याउछन् ॥ १४ ॥

असत्य-जड-चित्तांश-नयना-च्चिद्वपु-र्जनुः ।
महाजलगतो ह्यग्निरिव रूपं स्वमुज्झति ॥ १५ ॥

असत्य चित्त आत्मामा मिल्दा त्यो सत्य बन्दछ ॥
जस्तो समुद्रमा खस्दा आगाले रूप त्याग्दछ ॥ १५ ॥

इक्षौ गुडस्तिले तैलं काष्ठे वह्निर्दृषद्यथः ।
घेनावाज्यं वपुष्यात्मा लभ्यते चैव यत्नतः ॥ १६ ॥

उखुवाट चिनी, तेल तिलबाट त्यसै गरी ॥
काठबाट अग्नि, धातु ढुंगाबाट मिलेसरी ॥
गाईबाट घिउ मिल्छ, आत्मा मिल्छ प्रयत्नले ॥
खाली लागी परेदेखि देहबाट विवेकले ॥ १६ ॥

स्फटिकात्मनि नीरन्ध्रे स्थितं खं वीक्ष्यते यथा ।
तथा सर्व-पदार्थेषु चिद्रूपः परमेश्वरः ॥ १७ ॥

छिद्रहीन स्फटिकमा आकाश देखिएसरी ॥
सबै पदार्थमा देख्छौ परमेश्वर त्यस्तरी ॥ १७ ॥

बहिरन्तः स्फुरज्ज्योति रत्नं कुम्भ-प्रदीप-वत् ।
स्व-प्रकाशा-द्यथैवैकं स्वरुप-मात्मन-स्तथा ॥ १८ ॥

भित्र बाहिर यौटै हो ज्योति सर्वत्र एक छ ॥
त्यस्तै स्वरूप आत्माको सर्वथा अद्वितीय छ ॥ १८ ॥

दर्पणे बिम्बितो ह्यर्कः प्रकाशं कुरुते यथा ।
तथा प्रकाशयत्यात्मा स्वच्छ धीष्वनुबिम्बितः ॥ १९ ॥

ऐनामा सूर्यको छाया उज्यालो पार्छ जस्तरी ॥
त्यस्तै उज्वल आत्माको पार्छ छाया त्यसै गरी ॥
ऐनाझैं बुद्धि यदि भो भने स्वच्छ वरावरी ॥ १९ ॥

यत्र स्थितेयं विश्व-श्रीः प्रतिभा-मात्र-रुपिणी ।
रज्जवां भुजङ्ग-वद्-भाति स्वयमात्मा सदोदितः ॥ २० ॥

आत्माको ज्योतिले मात्र चम्किएको छ विश्व यो ॥
डोरीमा सर्प झै चिन्दा सर्प त्यो डोरीमात्र हो ॥ २० ॥

आद्यन्त-रहितः सत्य-श्चिद्-रूपो निर्विकल्पकः ।
आत्मा निरूपिता-काशो जीवस्याऽऽद्यः परात्परः ॥ २१ ॥

आदि र अन्त्यले हीन सत्य चैतन्य रूप जो ॥
पदार्थमा सर्वश्रेष्ठ जीवको त्यो स्वरूप हो ॥
निर्विकल्प जहाँबाट उत्पत्ति नभको हुने ॥
यस्तो स्वरूप आत्माको त्यसलाई चिन्यौ भने ॥ २१ ॥

आत्मा विशुद्ध-चैतन्य-स्वरुपः शाश्वतो विभुः ।
निर्विकारः स्वय-ञ्ज्योतिः स्वभावोऽर्क-प्रकाश-वत् ॥ २२ ॥

शुद्ध चैतन्यको रूप सनातन र व्यापक ॥
निर्विकार स्वयं ज्योति सूर्यको झैं स्वभाव छ ॥ २२ ॥

आत्मा-नुभव-मात्रात्मा सर्वगः सर्वसंश्रयः ।
प्रकाशा-नन्य-चैतन्या-व्यतिरिक्तोऽनलोष्णवत् ॥ २३ ॥

भोगेर मात्र चिनिने सर्वव्यापी स्वरूप हो ॥
आत्मा आधार सबको चैतन्य स्वप्रकाश हो ॥ २३ ॥

चित्त-वर्जित-चिन्मात्रः परमात्मा-वभासकः ।
स बाह्या-भ्यन्तर-व्यापी निष्फलो निश्चला-श्रयः ॥ २४ ॥

चित्तदेखि ऊ छ भिन्न चैतन्य र प्रकाशक ॥
भित्र बाहिर ऊ व्याप्त उस्को आश्रय निश्चल ॥ २४ ॥

स आत्मा चिन्मयः स्वस्थः प्रबुद्धो-पचया-च्युतः ।
हेय-ग्राह्योज्झितो देश-काल-जात्या-द्यसङ्गतः ॥ २५ ॥

फलको चाहना छैन यस्तो आत्मस्वरूप छ ॥
आत्मा चित् रूप नै हुन्छ सधै स्वस्थ प्रबुद्ध छ ॥
उसको नाश नै छैन न ऊ त्याज्य र ग्राह्य छ ॥
उस्लाई छुन सक्तैनन् देशकालादि नै सब ॥ २५ ॥

ब्रह्माण्डे च यथा वायु सर्व-भूत-गत-स्तथा ।
स एव भगवानात्मा तनु-भुक्तो व्यवस्थितः ॥ २६ ।

ब्रह्माण्डमा वायु जस्तै ऊ सबै जीवभित्र छ ॥
त्यो नै ईश्वर आत्मा हो देहभिन्न असङ्ग छ ॥ २६ ॥

एवं चिद्गगनाभोगे भूषणे व्योम्नि भास्करे ।
धरा-विवर-कोशस्था सैव चित् कीट-कोटरे ॥ २७ ॥

जुन चैतन्यको सत्ता स्वर्ग पाताल मर्त्यमा ॥
सूर्यमा गाहनामा छ कीराको अनि प्वालमा ॥ २७ ॥

न बोधोस्ति न मोक्षोऽस्ति ब्रह्मै वास्ति निरन्तरम् ।
नैकमस्मि न च द्वैतं संवित् स्फारं विजृम्भते ॥ २८ ॥

ज्ञान छैन मोक्ष छैन तर ब्रह्म निरन्तर ॥
एक ह्वैन द्वैत ह्वैन यो त स्पष्ट प्रकाश छ ॥ २८ ॥

ब्रह्म चिद् ब्रह्म भुवनं ब्रह्म भूत-परम्परा ।
ब्रह्माऽहं ब्रह्म मच्छत्रु-र्ब्रह्म मन्-मित्र-बान्धवा ॥ २९ ॥

ब्रह्म चित् हो विश्व ब्रह्म ब्रह्म नै सब जीव हुन् ॥
म ब्रह्म हुँ मित्र शत्रु मेरा बान्धव ब्रह्म हुन् ॥ २९ ॥

चिच्चेत्य-कलना बन्ध-स्तन्मुक्ति-र्मुक्ति-रुच्यते ।
चिदचेत्या-खिलात्मेति सर्व-सिद्धान्त-सङ्ग्रहः ॥ ३० ॥

भास्य भासकको बुद्धि हुनु नै बुझ बन्ध हो ॥
त्यस्तो विचार नहुनु मुक्ति ता चित्प्रकाश हो ॥
चेत्यले मुक्त चैतन्य आत्मा विषयको सब ॥
हो यो नै सार हो सारा सिद्धान्त शास्त्रको जड ॥ ३० ॥

चिदिहास्तीह चिन्मात्रमिदं चिन्मयमेव च ।
चित् त्वं चिदहमेवेति लोकाश्चिदिति संग्रहः ॥ ३१ ॥

विश्व चैतन्यले व्याप्त म तिमी सब ब्रह्म हौं ॥
चैतन्य हौं यही सारा शास्त्रको पनि सार हो ॥ ३१ ॥

सदस्ति सद्भाति तदात्मरूपं सच्चान्यतोभाति न चान्यदस्ति ।
स्व-भाव-संवित् प्रतिभाति केवला ग्राह्यं ग्रहीतेति मृषा विकल्पः ॥ ३२॥

देखिन्छ चम्कान्छ छ आत्मरूप देखिन्छ अर्कै तर छैन सत्य ॥
ब्रह्मात्ममात्र हुन जान्छ सत्य ग्राह्यग्रहीता सब हुन् असत्य ॥ ३२ ॥

जीवनमुक्ति र निर्वाण—१०

दृश्य-दर्शन-सम्बन्धान्न भवेत् परमं सुखम् ।
तदेवैकान्त-संवित्या मनो-नाशः परं पदम् ॥ १ ॥

दृश्य दर्शन सम्बन्धबाट पाइन्न क्यै सुख ॥
'म ब्रह्म हुँ" ज्ञानबाट मनको नाश हो सुख ॥ १ ॥

दृश्य-दर्शन-संबन्धे सुख-संविदनुत्तमा ।
दृश्य-संवलितो बन्धस्तन्मुक्त्या मुक्तिरुच्यते ॥ २ ॥

दृश्य दर्शनमा मिल्ने सुख हुन्छ अनुत्तम ॥
बन्ध विच्छेद हो मोक्ष दृश्य संबंध बन्धन ॥ २ ॥

शुद्धं सद-सतो-मध्ये पदं लब्ध्वाऽवलम्ब्य तत् ।
सब्राह्या-भ्यन्तरं विश्वं मा गृहाण विमुञ्च मा ॥ ३ ॥

असत्य-सत्यको माझ शुद्ध जो आत्मरूप छ ॥
त्यसैलाई समातेर भित्र बाहिर विश्व यो ॥
न छाडी न समातेर उदासीन भई बस ॥ ३ ॥

जडा-जड-दृशो-मध्ये यत्तत्त्वं पारमार्थिकम् ।
अनन्ताकाशहृदयं तत् सदाश्रय सर्वदा ॥ ४ ॥

जड चेतनको ज्ञान भित्र जो परमार्थिक ॥
तत्व चम्की रहेको छ हृदयाकाश मध्यमा ॥
अखण्ड भै सदाकाल त्यसैको गर आश्रय ॥ ४ ॥

द्रष्टुर्दृश्यस्य सत्ताङ्ग बन्ध इत्यभिधीयते ।
द्रष्टा दृश्यवशाद्बद्धो दृश्याभावे विमुच्यते ॥ ५ ॥

द्रष्टाको दृश्य-संबंध-नै हो बन्धन राघव ॥
दृश्य छैन भने द्रष्टा स्वयं बन्धनमुक्त छ ॥ ५ ॥

द्रष्टृदर्शन-दृश्यानि त्यक्त्वा वासनया सह ।
दर्शनं प्रथमाभास-मात्मानं समुपास्महे ॥ ६ ॥

वासना साथ त्यागेर द्रष्टा-दृश्य र दर्शन ॥
सदाप्रकाश आत्माको गरनु नित्य चिन्तन ॥ ६ ॥

द्वयोर्मध्ये गतं नित्यमस्ति नास्तीति पक्षयोः ।
प्रकाशनं प्रकाशानामात्मानं समुपास्महे ॥ ७ ॥

छ छैन बीच जो नित्य रहेको छ प्रकाशक ॥
प्रकाशहरूको त्यस्तो आत्मालाई प्रणाम छ ॥ ७ ॥

निद्रादौ जागरस्यान्ते यो भाव उपजायते ।
तं भावं भावयन् साक्षा-दक्ष-यानन्द-मश्नुते ॥ ८ ॥

जाग्दाको अन्त्यमा त्यस्तै निद्रा आरंभकालमा ॥
संझ जो भाव थ्यो तिम्रो अक्षयानन्द भोगमा ॥ ८ ॥

प्रशान्त-सर्व-संकल्पा या शिला-वद-वस्थितिः ।
जाग्रन्-निद्रा विनिर्मुक्ता सा स्वरूप-स्थितिःपरा ॥ ९ ॥

सबै संकल्पले शून्य शिलाजस्तो स्वरूप जो ॥
जाग्रत् निद्रा दुवै छैन स्थिति यो अतिश्रेष्ठ हो ॥ ९ ॥

जडजां वर्जयित्वैकां शिलायां हृदयं च यत् ।
अमनस्कं महाबाहो तन्मयो भव सर्वदा ॥ १० ॥

जडतालाई छाडेर पारी हृदय चिन्मय ॥
अमनस्क भई राम आत्मामा बन तन्मय ॥ १० ॥

निस्तरङ्गोऽतिगंभीरः सान्द्रानन्दसुधार्णवः ।
माधुर्यैकरसाधार एक एवास्ति सर्वतः ॥ ११ ॥

तरंगहीन गम्भीर गाढा आनन्द सागर ॥
मिठासको छ जो स्रोत आत्मा नै त्यो छ व्यापक ॥ ११ ॥

समस्तं खल्विदं ब्रह्म सर्वं-मात्मेद-मागतम् ।
अहमन्य इदं चान्यदित्यखण्डं न खण्डय ॥ १२ ॥

प्रपञ्च देखिने जो छ आत्मा हो सब यो बुझ ॥
म अर्कै भिन्न यो भन्दै ढीक्को नगर खण्डित ॥ १२ ॥

यदेव ब्रह्मणो रूपं ततं बुद्धमखण्डितम् ।
तदा विस्तीर्णः संसारः परमेश्वरतां गतः ॥ १३ ॥

जैले यो ब्रह्मको रूप चिन्दछौ त्यो अखण्डित ॥
विशाल तब संसार परमेश्वर बन्दछ ॥ १३ ॥

समस्तमेव ब्रह्मेति भाविते ब्रह्म वै पुमान् ।
पीतेऽमृतेऽमृतमयः को नाम न भवेदिति ॥ १४ ॥

'समस्त ब्रह्म हो' मान्ने ब्रह्म बन्दछ मानव ॥
पिए अमृत को मान्छे सुधामय हुदैन र ॥ १४ ॥

भव्योऽसि चेत्तदेतस्मात् सर्वमानोषि निश्चयात् ।
नो चेद् वह्वपि संप्रोक्तं त्वयि भस्मनि हूयते ॥ १५ ॥

भए भव्य यती जाने चिन्दछौ ब्रह्म निश्चय ॥
भश्ममा होम झैं नत्र शिक्षा यो व्यर्थ वन्दछ ॥ १५ ॥

अपि विज्ञात-तत्त्वेन तथाऽभ्यस्यमिदं सदा ।
न नाममात्रात् कतकफलमम्बुप्रसादकम् ॥ १६ ॥

तत्व जाने पछि पनि ब्रह्माभ्यास संधै गर ॥
निर्मली नामले मात्र कहाँ जल निखार्दछ ॥ १६ ॥

अहमेव परं ब्रह्म वासुदेवाख्यमव्ययम् ।
इति स्यान्निश्चितो मुक्तोर्वद्ध एवान्यथाभवेत् ॥ १७ ॥

'अविनासी वासुदेव परब्रह्म म हुँ' भनी ॥
माने मुक्ति भयौ पक्का अन्यथा वन्ध हुन्छ नि ॥ १७ ॥

नेति नेतीति नेतीति शेषितं यत् परम् पदम् ।
निराकर्तु-मशक्यत्वात्तदस्मीति सुखी भव ॥ १८ ॥

असत्य जडतालाई हटाई बाँकी वच्दछ ॥
न हट्ने चीज त्यो मैं हुँ भन्ने जानी सुखी वन ॥ १८ ॥

आत्मानं सततं ब्रह्म विद्धि चैकं निरन्तरम् ।
अहं ध्याता परं ध्येयमखण्डं खण्डसे कथम् ॥ १९ ॥

आफुलाई संधै संझ यौटै ब्रह्म म हुँ भनी ॥
म ध्याता ध्येय हो ब्रह्म यस्तो भेद नगर्नु नि ॥ १९ ॥

सोऽहं चिन्मात्र-मेवेति चिन्तनं ध्यान-मुच्यते ।
ध्यानस्य विस्मृतिः सम्यक् समाधि-रभिधीयते ॥ २० ॥

'म नै चिन्मात्र हुँ ब्रह्म' यस्तो चिन्तन ध्यान हो ॥
ध्यान विर्सी ब्रह्ममात्र भई वस्नु समाधि हो ॥ २० ॥

ब्रह्माकार-मनो-वृत्ति-प्रवाहोऽहङ्कृतिं विना ।
सम्प्रज्ञात-समाधिः स्याज्-ज्ञाना-भ्यास-प्रकर्षतः ॥ २१ ॥

'म ब्रह्म हुँ' ज्ञान यस्को यदि अभ्यास वन्न गो ॥
अहंकार चंचलता मनबाट सबै हटचो ॥
ध्येयाकारमात्र लीन 'संप्रज्ञात' समाधि हो ॥ २१ ॥

कल्पान्तवायवो वान्तु यान्तु चैकत्वमर्णवाः ।
तपन्तु द्वादशादित्या नास्ति निर्मनसः क्षतिः ॥ २२ ॥

वहौन् प्रलयका वायु सबै सागर एक हौन् ॥
हुन्न ब्रह्मज्ञको हानि वाहुँ आदित्य चम्किउन् ॥ २२ ॥

या चितिः सर्वभूताना-मुदय-व्यय-साक्षिणी ।
तां चितिं पश्यतावस्थां पूर्णानन्दघनामृताम् ॥ २३ ॥

संपूर्ण विश्वको सृष्टि नाश प्रत्यक्ष देख्दछ ॥
गाढा अमृत जस्तो त्यो पूर्णानंद प्रकाश छ ॥
यस्तो स्वरूप जानेर भावना गर्नु पर्दछ ॥ २३ ॥

मनोदृश्यमिदं सर्वम् यत्किञ्चित् सचराचरम् ।
मनसो ह्युन्मनीभावात् द्वैतं नैवोपलभ्यते ॥ २४ ॥

सम्पूर्ण देखिने विश्व रचना मनको बुझ ॥
मनोलय गरे द्वैत छैन यो ब्रह्म एक छ ॥ २४ ॥

यदस्पन्द शिवं शान्तं यस्यान्तर्जगतः स्थितिः ।
स्पन्दा-स्पन्द-विलासात्मा स एकोऽत्र चिदाकृतिः ॥ २५ ॥

निष्कम्प शान्त शिव जस्भित्र यो विश्व कल्पित ॥
त्यो चिदात्मा एउटै छ आधार विश्वको सब ॥ २५ ॥

अहिनिर्ल्वयिनीमहिरात्मतया जगृहे परिमोक्षणतस्तु पुरा ।
परिमुच्यतु तामुरगः स्वबिले न निरीक्षत आत्मतया तु पुनः ॥ २६ ॥

शरीरलाई ज्ञानीले सर्पले कांचुली सरी ॥
मेरो भन्ने बुद्धि छाडी गर्दछन् व्यवहार ती ॥ २६ ॥

दोष-बुद्ध्या भयातीतो निषेधान्न निवर्तते ।
गुणबुद्ध्या च विहितं न करोति यथा ऽर्भकः ॥ २७ ॥

भयदेखि छ ऊ टाढा छुदै नन् दोष बुद्धिले ॥
नगर्नु भन्दा मान्दैन गर्दैन गर नै भने ॥
विकारी ब्रह्म ज्ञानी ऊ हुँदैन गुण दोषले ॥
उस्को स्वभाव हेर्दामा बच्चाको-सरि देखिने ॥ २७ ॥

अनुत्कीर्णा यथा स्तम्भे संस्थिता शालभञ्जिका ।
तथा विश्वं स्थितं तत्र तेन शून्यं न तत्पदम् ॥ २८ ॥

खम्वामा काठ पुतली न कुद्दा पनि देखिए ॥
जस्तो त्यस्तै जगत् झूठो देखिन्छ ब्रह्म भै दिए ॥ २८ ॥

यथाऽनुपुत्रिकाशून्यः स्तंभोऽनुत्कीर्णपुत्रिकः ।
तथा भातं जगद् ब्रह्म तेन शून्यपदं गतम् ॥ २९ ॥

खम्वा छ पुतलीहीन कुदिएन कुनै पनि ॥
पुतली झैं झ्वाट्ट हेर्दा देखियो हुँन तैपनि ॥
देखिने विश्व हो ब्रह्म गढी हेरेर खुल्दछ ॥
होझैं लाग्ने विश्व सारा थिएन भ्रान्तिमात्र छ ॥ २९ ॥

सौख्याम्भसि यथा वीचिर्न चास्ति न च नास्ति च ।
तथा जगद् ब्रह्मणीदं शून्याशून्यपदं गतम् ॥ ३० ॥

स्थिर सागरमा छाल छ छैन यदि प्रश्न छ ? ॥
छ वा छैन दुबै सत्य राम लाग्नेछ उत्तर ॥
त्यस्तै हो ब्रह्ममा विश्व छ छैन ? कोहि सोध्दछ ॥
ज्ञानमा छैन हो झूठो अज्ञानी तर देख्दछ ॥ ३० ॥

—०—

इति समाप्तिः

20,032

मुद्रकः– मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौं ।